नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(........................ शाखा)

सिंहदरबार, काठमाडौं

नेपाल ।

पत्र संख्या :- ४१/०७२

च.नं. :- NEOC-2

मिति : २०७२।१।१३

श्री सचिव,
गृह मन्त्रालय ।

भूकम्प सम्बन्धी विषय मं.प.बै.सं.४।०७२ मिति २०७२।१।१३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु –

नेपाल सरकारको निर्णय–

१. "मिति २०७२।१।१२ को भूकम्पबाट भएको क्षतिलाई तत्काल व्यवस्थापन, राहत तथा पुनर्स्थापन कार्यमा सहयोग पुऱ्याउन सम्पूर्ण राष्ट्रसेवकहरु, आमनागरिक समुदाय, निजीक्षेत्र तथा द्विपक्षीय/बहुपक्षीय दातृ निकायहरुलाई हार्दिक अपिल गर्ने ।
२. दैवीप्रकोप उद्धार ऐन, २०३९ को दफा ३ बमोजिम १ महिनाका लागि सिन्धुली जिल्लालाई सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने ।
३. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन हेलिकप्टर परिचालन गर्ने कार्यको सम्पूर्ण समन्वय र व्यवस्था रक्षा मन्त्रालयसँग समन्वय गरी गृह मन्त्रालयले मिलाउने ।
४. भूकम्पबाट क्षतिग्रस्त भएका सडक, तथा पुलहरु तत्काल मर्मत गरी यथाशीघ्र सञ्चालनमा ल्याउने व्यवस्था भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिलाउने ।
५. भूकम्पको कारण सार्वजनिक स्थानहरुमा जम्मा भएको फोहोर (Debris) हटाउने कार्य संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले समन्वयात्मक रुपमा तत्काल शुरु गर्ने ।
६. निजीक्षेत्रसँग तत्काल समन्वय गरी तयारी खाद्यवस्तु आधारभूत खाद्यान्न, पेट्रोलियम पदार्थ, तथा पानी लगायतका सामग्री उपलब्ध गराउने र पसलहरु खुलाई आपूर्ति व्यवस्था सहज गराउने कार्य गृह मन्त्रालयसंग सहयोग लिई वाणिज्य तथा आपूर्ति मन्त्रालयले तत्काल गर्ने । वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहसचिवको संयोजकत्वमा कृषि विकास मन्त्रालय तथा नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधिसमेत रहेको समितिले यस कार्यको अनुगमन गर्ने । प्रभावित जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा आवश्यकताअनुसारका प्रतिनिधिसमेत रहेको समिति गठन गर्ने ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(............शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

४१/०७२

पत्र संख्या :-

च.नं. :-



मिति :........................

७. राहत तथा पुनर्स्थापन केन्द्र, अस्पताल, आश्रयस्थललगायतका स्थानहरुमा प्राथमिकताका साथ विद्युत आपूर्तिको व्यवस्था ऊर्जा मन्त्रालयले तत्काल मिलाउने ।

८. राहत तथा पुनर्स्थापन केन्द्रहरुमा शौचालय, खानेपानी, पाल/टेण्ट लगायतका अत्यावश्यक वस्तु/सेवाको आपूर्ति संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा सहरी विकास मन्त्रालयले यथाशीघ्र मिलाउने ।

९. विद्युत, खानेपानी, हवाई सेवा, दुरसञ्चार सेवा, स्वास्थ्य सेवा, यातायात, खाद्यान्न आपूर्ति, पेट्रोलियम आपूर्ति, बैंक तथा वित्तीय सेवाप्रवाहमा संलग्न निकाय र राहत तथा उद्धार कार्यमा प्रत्यक्ष संलग्न निकायहरु बाहेक संकटग्रस्त घोषणा गरिएका १२ जिल्लाहरुका अन्य कार्यालयहरु २०७२ वैशाख १७ गतेसम्म बन्द गर्ने । बन्द रहने कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरु आ–आफ्ना नजिकको स्थानमा राहत तथा पुनर्स्थापनको कार्य संलग्न रहने ।

१०. विपद् व्यवस्थापन कार्यमा मित्रराष्ट्रहरु तथा दातृ निकायहरुबाट लिने आवश्यक सामग्रीहरुको सूची गृह मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई उपलब्ध गराउने । परराष्ट्र मन्त्रालयले सो बमोजिम सहायता प्राप्त गर्ने व्यवस्था मिलाई त्रिभूवन विमानस्थलमा कार्यरत कार्यटोलीलाई जानकारी गराउने ।

११. विदेशस्थित नेपाली दूतावास तथा नियोगहरुमा सहयोग संकलनका लागि खाता खोल्न परराष्ट्र मन्त्रालयलाई स्वीकृति दिने ।

१२. वैदेशिक सहायताबाट प्राप्त हुने मानवीय सहायताको वितरण तथा उद्धार टोलीहरुको खटनपटन आवश्यक स्थानहरुमा परिचालन गर्ने कार्य गृह मन्त्रालयको विपद् व्यवस्था कमाण्ड पोष्टले गर्ने ।

१३. घाइतेहरुको उपचारका लागि अत्यावश्यक रगतको आपूर्ति व्यवस्था मिलाउन रक्तदान कार्यकमलाई अभियानको रुपमा सञ्चालन गर्ने व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने ।

१४. भूकम्पबाट मृत्यु भएकाहरुको दाहसंस्कारका लागि काठमाडौं उपत्यका लगायत प्रभावित जिल्लाहरुमा निःशुल्क रुपमा दाउरा उपलब्ध गराउने व्यवस्था वन तथा भू-संरक्षण मन्त्रालयले मिलाउने ।

१५. दाहसंस्कार गर्न आवश्यक खर्च गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारी मार्फत तत्काल उपलब्ध गराउने ।

१६. भूकम्पबाट भएको क्षति र विपद् पश्चात्को शव आफन्तलाई हस्तान्तरण गर्ने र दाह संस्कार गरिदिने लगायतको व्यवस्थापन कार्यमा तीव्रता दिन जिल्ला दैवीप्रकोप उद्धार समितिलाई सहयोग पुर्‍याउन देहायको समन्वय समिति गठन गर्ने –

(क) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (शासकीय सुधार महाशाखा) – संयोजक

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(.................................. शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

४१/०७२
पत्र संख्या :-
च.नं. :-

मिति :........................



| | | | |
|---|---|---|---|
| (ख) | सहसचिव, गृह मन्त्रालय (विपद् व्यवस्थापन हेर्ने) | - | सदस्य |
| (ग) | सहसचिव, वन तथा भू-संरक्षण मन्त्रालय | - | सदस्य |
| (घ) | सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | - | सदस्य |
| (ङ) | सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (प्राविधिक) | - | सदस्य |
| (च) | प्रहरी नायब महानिरीक्षक, नेपाल प्रहरी | - | सदस्य |
| (छ) | सशस्त्र प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी बल | - | सदस्य।" |

( लीलामणि पौड्याल )
मुख्यसचिव

<u>बोधार्थ तथा कार्यार्थ:</u>

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
श्री सचिव, अर्थ मन्त्रालय ।
श्री सचिव, परराष्ट्र मन्त्रालय ।
श्री सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।
श्री सचिव, रक्षा मन्त्रालय ।
श्री सचिव, वन तथा भू-संरक्षण मन्त्रालय ।
श्री सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
श्री सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
श्री सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री सचिव, सहरी विकास मन्त्रालय ।
श्री सचिव, सूचना तथा सञ्चार मन्त्रालय ।
श्री सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np